नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं जेठ १३ गते, २०७० साल (संख्या ७

भाग ५

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालयको

सूचना १

नेपाल सरकारले प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा २२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यका देहायका जिल्लाहरुमा देहाय बमोजिम बजार संरक्षण अधिकृत तोकेको छ :-

(क) देहायका जिल्लाहरुका लागि बजार संरक्षण अधिकृतको स्वीकृत दरबन्दीमध्ये वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा पदस्थापन भई सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयमा कामकाजका लागि खटाईएका बजार संरक्षण अधिकृत र पदस्थापन नभई बजार संरक्षण अधिकृत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खटाई नसकेका बाँकी जिल्लाहरुका लागि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट बजार संरक्षण अधिकृत खटाई निज उपस्थित भएको मितिदेखि स्वतः बजार संरक्षण अधिकृत हुने गरी हाल सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी, -

१. इलाम २. झापा ३. सुनसरी ४. सप्तरी ५. सिराहा ६. धनुषा ७. महोत्तरी ८. बारा ९. रौतहट १०. सर्लाही ११. मकवानपुर १२. चितवन १३. नवलपरासी १४. कपिलवस्तु १५. दाङ १६. बर्दिया १७. कञ्चनपुर १८. काठमाडौं १९. ललितपुर २०. भक्तपुर

(ख) देहायका जिल्लाहरुका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी,-

१. धनकुटा २. मोरङ ३. उदयपुर ४. पर्सा ५. काभ्रेपलाञ्चोक ६. कास्की ७. पाल्पा ८. रुपन्देही ९. बाँके १०. सुर्खेत ११. कैलाली

खण्ड ६० संख्या ३१ मिति २०६७।०८।०६ गतेको नेपाल राजपत्रमा यस मन्त्रालयको प्रकाशित सूचना खारेज गरिएको छ ।

सूचना २

नेपाल सरकारले उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम १८ को उप नियम (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरुमा देहाय बमोजिम निरीक्षण अधिकृतहरु तोकेको छ : -

(क) काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका लागि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले तोकेको सोही विभागका राजपत्रांकित तृतीय श्रेणीका अधिकृत ।

(ख) देहायका जिल्लाहरुका लागि सम्बन्धित जिल्लामा रहेका वाणिज्य कार्यालयका प्रमुख :

3/16
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।